# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

# प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०४/०२ गते**

घरेलु हिंसा, लैङ्गिक हिंसा वा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित महिला तथा बालिकाहरुको संरक्षण, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानुनी सहायता, पारिवारिक पुनर्मिलन तथा जीविकोपार्जन सीपका माध्यमबाट समाजमा पुनर्स्थापना गर्नको लागि गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न कार्यविधिको दफा १३ बमोजिम योग्यता पुगेका र केन्द्र संचालनको लागि तोकिएको विषयमा साझेदारी गर्न इच्छुक संस्थाहरुले शिलबन्दी प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीका लागि मन्त्रालयको website: mosd.gandaki.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ।

**केन्द्र संचालन हुने स्थान** :- कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३३ पुष्पवस्ती।

**निर्देशित कार्यविधि** :- "गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८२"

**मन्त्रालयले उपलब्ध गराउने सेवाको विवरण**: आवश्यकता अनुसार केन्द्रको पूर्वाधार निर्माण तथा मर्मत सम्भार, फर्निचर, फर्निसिङ, मेशिनरी औंजार लगायत पूँजिगत प्रकृतिका कार्य र कार्यविधिमा तोकिए बमोजिमको व्यक्तिहरुको लागि उद्दार, संरक्षण र पुनर्स्थापनाका लागि आवश्यक (तत्काल उद्दार, दैनिक खाजा, खाना, लत्ता कपडा, यातायात आदि) खर्च रकम उपलब्ध गराइनेछ।

**संस्थाले दिनुपर्ने सेवाको विवरण** :- कार्यविधिले निर्देशित गरेका व्यक्तिहरुको उद्दार, संरक्षण, आश्रय र पुनर्स्थापना सम्वन्धि सम्पूर्ण सेवाहरु।

**संस्थाको साझेदारी** :- कर्मचारी तलब भत्ता र सुविधा, केन्द्र संचालनको लागि आवश्यक प्रशासनिक र अन्य खर्च रकम

**प्रस्ताव पेश गर्ने निकाय** :- सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको सामाजिक विकास महाशाखा।

**प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति** :- २०८२/०४/२२ गते कार्यालय समयभित्र। अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र।

**पेश गर्नुपर्ने कागजात** :-

- संलग्न ढाँचा बमोजिम भरेको प्रस्ताव,
- संस्थाको बिधान, दर्ता, नविकरण,
- आर्थिक वर्ष २०८०/०८१ को करचुक्ता र लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी,
- प्रस्ताव पेश गर्ने सम्बन्धी संस्थाको निर्णय,
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको स्वघोषणा पत्र,
- कार्यविधिको अनुसूचि १ बमोजिमका मूल्याङ्कनका आधार खुल्ने कागजातहरु,
- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव वेचबिखन विरुद्धको कसुर लगायतका नेपाल कानुनको उल्लंघन गरी कुनै सजाय पाएको सञ्चालक नभएको पुष्ट्याई खुल्ने कागजात,
- लैङ्गिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखन बिरुद्धको क्षेत्रमा कम्तिमा तीन वर्ष कार्य गरेको पुष्ट्याई खुल्ने कागजात
- संस्थाले कर्मचारी तलब भत्ता र सुविधा, केन्द्र संचालनको लागि आवश्यक प्रशासनिक र अन्य खर्च व्यहोर्ने सम्बन्धी स्वघोषणा पत्र

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

प्रस्तावको ढाँचा

श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
गण्डकी प्रदेश पोखरा ।

१. संस्थाको विवरणः

(क) संस्थाको संक्षिप्त पृष्ठभूमिः

(ख) संस्थाको नामः

ठेगानाः.......................... जिल्ला ...................... गा.पा/न.पा/म.न.पा ............................

वडा नं. ....................टोल

(ग) प्रमुख/अध्यक्षको नामः ..............................................................

मोबाईल नं................................................ ईमेलः ..........................................

(घ) संस्थाको पुनर्स्थापना/संरक्षण सम्बन्धी कार्यअनुभव (स्थापना वर्ष, महिना र गते समेत खुलाउने)

(ङ) संस्थाको कार्यक्षेत्रः

२. केन्द्र संचालनको कार्ययोजना

क. संचालन विधिः.................... .................... ....................

ख. प्रमुख गतिविधिहरुः...................... .................. ....................

ग. समय तालिकाः.................. .................. ....................

घ. संस्थाको आर्थिक स्रोत व्यवस्थापनका क्षेत्रहरु र अवस्था ..................

ङ. व्यवस्थापनको तरिकाः................ ................... .................

३. पुनर्स्थापना/संरक्षण आवास गृहले अघिल्लो आर्थिक वर्षमा सेवा दिएका लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको संख्याः

४. अघिल्लो आर्थिक बर्षमा पुनर्स्थापना गरेका लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको संख्याः

५. अन्य केहि भए खुलाउनेः

पेश गर्ने संस्थाको तर्फबाट

नामः

हस्ताक्षरः

पदः अध्यक्ष/प्रमुख

मितिः

संस्थाको छापः

सम्पर्क व्यक्ति र सम्पर्क नम्बरः

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय